**भुमिकास्थान नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

नुवाकोट, अर्घाखाँची

# सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

*दोश्रो पटक प्रकाशित मिति २०७५।०८।१६*

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र ६४ ले दिएको अधिकार र भुमिकास्थान नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा १३ अनुसार स्थानीय तहहरूले सङ्कलन गर्न पाउने स्थानीय कर सेवा शुल्क तथा दस्तुर एवम् विक्री गर्न सक्ने मालवस्तुको कर समेत संकलन गर्ने कार्य आर्थिक वर्ष २०७५/०७६ को लागि ठेक्का पट्टाको माध्यमद्वारा संकलन गर्न निर्णय भएको हुँदा तपशिलका शर्तहरूको अधिनमा रही सो कर शुल्कः दस्तुर संकलन कार्यको लागि इच्छुक व्यक्ति, फर्म तथा संघ संस्थाहरूले निम्न बमोजिम रित पुर्वकको बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

१. प्रत्येक ठेक्काको बोलपत्र फारामको लागि रु.३०००।- (फिर्ता नहुने गरी) मा यस कार्यालयबाट मिति २०७५/८/२३ गतेसम्म खरिद गर्न सकिने छ।

२. आफुले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी बोलपत्र फाराममा ठेकेदारको नाम, थर, ठेगाना र सहीछाप एवम् संघ संस्थाको भए छाप समेत लगाई मिति २०७५/८/२४ गते दिनको १२.०० बजे भित्र नगरपालिकाको कार्यालय नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ भने सोही दिनको १:०० बजे कार्यालयका प्रतिनिधि र बोलपत्र दाता/प्रतिनिधिहरूको रोहवरमा खोलिने छ। सो समयमा बोलपत्रदाताहरूको उपस्थिति नभएमा बोलपत्र खोल्न वाधा पर्ने छैन।

३. बोलपत्र दाताले आफुले कवोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने रकम भुमिकास्थान नगरपालिकाको कार्यालय नुवाकोट अर्घाखाँचीको नाममा रा.वा.बैंक, सन्धिखर्क स्थित धरौटी खाता नं 3050303007104 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगरपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको विड्बण्ड पेश गर्नुपर्ने छ।

४. बोलपत्र दाताले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्म रकम छुट दिन सकिने छ। साथै बोलपत्र खरिद गर्ने दिन र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा सो को भोलि पल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुनेछ।

५. ठेक्काको किस्ता बुझाउदा प्रथम किस्ता (४० प्रतिशत) नगद रकम र दोश्रो र तेस्रो किस्ता (६० प्रतिशत) को लागि परफरमेन्स वण्ड दाखिला गरेपछि ठेक्काको चलान पूर्जी प्रदान गरिने र फागुन र वैशाष मसान्त भित्र क्रमशः दोश्रो र तेस्रो किस्ता (३०/३० प्रतिशत) को रकम बुझाउनु पर्ने छ।

६. कवोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर कर र १३ प्रतिशत मु.अ.कर लाग्ने छ।

७. ठेकेदारले सम्झौता पत्रमा पट्टापूर्जीमा तोकिएका बस्तुहरूमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्नेछ। रोयल्टी दर ५ नं. प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन, २०७५ को अनुसुची-६ मा उल्लेख भए बमोजिम हुनेछ। सो भन्दा फरक हुने गरी कर संकलन गरेमा नियमानुसार कारवाही हुनेछ।

८. यस सूचनाको विस्तृत विवरण यस कार्यालयको Website: www.bhumikasthanmun.gov.np समेत राखिएको छ। साथै अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र ९८५७०६९९८९/९८५७०६९९८८ मा सम्पर्क गर्न वा दजगफषबकतजबलकगलषअष्उबषितिथरकबषीअक मा पठाउन सकिनेछ।

**ढुङ्गा, गिट्टी, वालुवा संकलन तथा निकासी कर सम्बन्धी ठेक्काको विवरण**

| ठेक्का नं. | विवरण | श्रोत संकलनका लागि तोकिएको विन्दु | ०७५८७६ को लागि कायम न्यूनतम ठेक रकम | बार्षिक रूपमा निकाल्न सकिने परिमाण (घ.मी.) |
|---|---|---|---|---|
| BMA®IR® 01®2076®76 | दुरवांगखोला | खिल्जी दमार, पिप्ली टापु, तुइन झो.पु.तलपट्टी, भुजियाघाटसम्म | ३९१९९५.०० | २७७८ |

Scanned by CamScanner